"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०८०/०८१

चलानी नं :

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल

---

मिति २०८०/०८/२९

**प्रेस विज्ञप्ती**

तेस्रो नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८० मिति २०८०/०८/३० देखि २०८०/०९/०४ गतेसम्म सञ्चालन हुने भएको छ । उक्त प्रतियोगिताको उद्घाटन समारोह मंसिर ३० गते बिहान ७:०० बजे फ्लोरोसेन्ट मावि टोखा ८ मा सञ्चालन हुने भएकोले यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण कर्मचारीहरू, समुदायिक तथा संस्थागत विद्यालयका सम्पूर्ण प्रधानाध्यापक तथा प्रिन्सिपलज्यूहरू, खेलकुद संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, पत्रकारज्यूहरू, सुरक्षाकर्मीज्यूहरू, विभिन्न खेलका खेलाडीहरू, विद्यार्थीहरू, समाजसेवी बुद्धिजीविज्यूहरू र सम्पूर्ण नगरबासीहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध छ । त्यसैगरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागीहरूले पालना गर्नु पर्ने नियमहरू र खेल समय तालिकालाई तपसिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

***यस नगरपालिकाको नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड छनोट प्रतियोगिता, २०८० का आवश्यक नियमहरू***

१) टोखा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड छनोट प्रतियोगितामा एथ्लेटिक्स, भलिबल, कबड्डी र मार्शल आर्टस लगायतका खेलहरू समावेश गरिने छन् ।

२) एथ्लेटिक्स खेलमा कुनै एक खेलाडीले व्यक्तिगत खेलमा बढीमा तीन वटा इभेन्टसम्म भाग लिन पाउनेछ । यसरी तिन वटा इभेन्टमा भाग लिदा दुई ट्र्याक, एक फिल्ड वा एक ट्र्याकमा भाग लिन पाउनेछ ।

३) प्रतियोगितामा टिम गेममा प्रत्येक विद्यालयले छात्र/छात्राको १/१ टिम भाग लिन पाउनेछन् । गेम भन्नाले भलिवल, कबड्डी, रिले दौडलगायतका खेलहरु भन्ने बुझिन्छ ।

४) प्रतियोगितामा सबैभन्दा बढी स्वर्णपदक प्राप्त गरी प्रथम हुने विद्यालयलाई रनिङ शिल्ड प्रदान गरिनेछ ।

---

सम्पर्क नं : ०१-४९८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०८०/०८१ | मैजुहिटी, काठमाडौं
चलानी नं : | बागमती प्रदेश, नेपाल

---

५) प्रतियोगिताको व्यक्तिगत खेलमा प्रथम र द्वितीय हुने खेलाडीले जुन विधा र इभेन्टमा विजय प्राप्त गरेको हो सोही विधा वा इभेन्टमा भाग लिन जिल्लामा सिफारिस गरिनेछ । सामूहिक खेलका लागि टोखा नगरपालिकाको एक मात्र टिम हुनेछ ।

६) एथ्लेटिक्स, भलिबल र कबड्डी खेलका लागि अलग अलग फारम भर्नु पर्नेछ ।

७) भलिबल र कबड्डी खेलमा प्रत्येक टिममा अतिरिक्त खेलाडीसहित ९ जना खेलाडी दर्ता गराउनुपर्नेछ ।

८) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्दर्शिका (संशोधन सहित), २०७० बमोजिम १८ बर्ष मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरू मात्र सहभागी हुन पाउनेछन् । अर्थात खेलमा संलग्न हुन मिति २०६२।०८।३० पछि जन्म भएको हुनुपर्नेछ ।

९) प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले अनिवार्य रुपमा खेलाडी फाराम, इमिस रजिष्ट्रेशन नं., उमेर खुलेको कागजात र विद्यार्थी परिचयपत्र सहित तोकिएको मितिमा दर्ता हुनुपर्नेछ ।

१०) जन्मदर्ता प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को जिल्ला वा पालिकास्तरिय परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ ।

११) कुनै राष्ट्रिय वा अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडी यस खेलकुद प्रतियोगितामा सहभागी हुन सक्ने छैनन् ।

१२) गैर विद्यार्थी तथा माथि तोकिए भन्दा बढी उमेर समूहका विद्यार्थीहरुले यो प्रतियोगितामा भाग लिन पाउने छैनन् । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोसिनेछ र निकटतम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालय र विद्यालयका प्रधानाध्यापकलाई प्रचलित कानुन बमोजिम अनुशासन सम्बन्धी कारवाही गर्ने सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

१३) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अघिल्लो वर्षको शिल्ड विजयीलाई रनिङ शिल्डको रुपमा रेप्लिका शिल्ड उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ । तर लगातार तीन पटकसम्म रनिङ शिल्ड प्रतियोगितामा विजयी हुने विद्यालयले सो शिल्ड सधैंको लागि राख्न पाउनेछ ।

---

सम्पर्क नं : ०१-४९८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०८०/०८१
चलानी नं :

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

***खेल समयतालिका***

| क्र.स. | इभेन्टहरू | गते | | | | |
|---|---|---|---|---|---|---|
| | | **२०८०/०८/३०** | **२०८०/०९/०१** | **२०८०/०९/०२** | **२०८०/०९/०३** | **२०८०/०९/०४** |
| १ | **मार्शल आर्ट** | | | | | |
| क) | **कराते** (संयोजनकर्ता : सुजिन्द्र के.सी - ९८५१०९४३८९ | स्थान: जालुपा चोक कराते हल टोखा ८ समय : बिहान १०-४ बजे | | | | |
| ख) | **तेक्वान्दो** (संयोजनकर्ता : : विजय थापा- ९८४१७२४५५६ ) | स्थान: फ्लोरोसेन्ट मावि समय : बिहान १०-४ बजे | | ***नोट : उद्घाटन सत्र फ्लोरोसेन्ट मा वि टोखा ७ मा बिहान ७ हुने*** | | |
| ग) | उसु | स्थान: जालुपा चोक कराते हल टोखा ८ समय : बिहान १०-४ बजे | | | | |
| २ | **एथलेटिक्स** (संयोजनकर्ता अर्जुन श्रेष्ठ - ९८४१४०४३८५ ) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) | ट्याक दौडतर्फ | | | स्थान : भुतखेल समय : बिहान १०-४ | स्थान : भुतखेल समय : बिहान १०-४ | स्थान : भुतखेल समय : बिहान १०-४ |
| ख) | फिल्डतर्फ | | | स्थान : भुतखेल समय : बिहान १०-४ सम्म | स्थान : भुतखेल समय : बिहान १०-४ सम्म | स्थान : भुतखेल समय : दिँउसो १०- ४ सम्म |
| ३ | **भलिबल** (संयोजनकर्ता : विवेक घिमिरे - ९८४१७२८३१५ ) | | स्थान : भुतखेल समय : बिहान १०-४ सम्म | स्थान : भुतखेल समय : बिहान १०-४ | स्थान : भुतखेल समय : बिहान १०-४ | |
| ४ | **कबड्डी** (संयोजनकर्त : भगवान् प्रजापती - ९८५१०५३७५३ ) | ***नोट : समापन समारोह मिति २०८०/०९/०६ गते काठमाडौं ग्लोबल स्कुल टोखा १० मा बिहान १०:०० बजे हुने*** | | | स्थान : काठमाडौं ग्लोवल स्कुल समय : बिहान १०-४ | स्थान : काठमाडौं ग्लोवल स्कुल समय : बिहान १०-४ |

.................. ..............

**शेर बहादुर बि.सी.**

**प्रमुख प्रशासकीय अधिकृत**